जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २१ पृष्ठः ४ | २०८३ बैशाख २७ आइतबार (Saturday 09 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गँड्यौला मलप्रति आकर्षित हुँदै धनगढीका किसान



**सुदिप राउत**

सिरहा, २६ बैशाख। धनगढीमाई नगरपालिका १० दनुवारी टोलकी अनिता महतोलाई अचेल रासायनिक मलको खोजीमा सहकारी र बजारतिर भौतारिनु पर्दैन। विगत छ महिनादेखि उहाँले आफ्नो खेतमा रासायनिक मलको सट्टा 'गँड्यौला मल' प्रयोग गर्न थालेको हो। अनिताले अहिले करिब पाँच कट्ठा जमिनमा विभिन्न प्रकारका तरकारीखेती गरिरहेको छ। गँड्यौला मलको प्रयोगबाट उत्पादन निकै सन्तोषजनक भएको उनको अनुभव छ। 'जबदेखि गँड्यौला मल सुरु गरेँ, रासायनिक मलको खोजीमा दौडिनुपरेको छैन,' उनले खुसी हुँदै भने, 'यसले चिस्यान बढाउनुका साथै अर्ग्यानिक तरकारी उत्पादनमा पनि ठूलो सहयोग पुऱ्याएको छ। माटोको उर्वराशक्ति पनि बढाउँदोरहेछ।'

अनितामात्र होइन, सोही टोलकी सुगन्धादेवी सिंहले पनि गँड्यौला मलकै प्रयोगबाट खेतीपाती गरिरहेको छ। यो टोलका ११ घरपरिवारले 'महारानी महिला कृषक समूह' गठन गरी व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेका छन्। कुल २६ जना सदस्य रहेको यस समूहका अन्य १२ घरपरिवारले गोठ सुधार गरी कम्पोष्ट मल उत्पादन गरिरहेका छन्। समूहकी कोषाध्यक्ष उर्मिला महतोका अनुसार विस्तारै वडाभरिका किसान गँड्यौला र कम्पोष्ट मलतर्फ आकर्षित हुँदै गएका छन्।

उर्मिलाका अनुसार गाईभैंसीको मलमूत्र र सड्ने झारपातलाई संकलन गरी त्यसमा गँड्यौला छाडिन्छ। गँड्यौलाले ती वस्तुलाई आहाराका रूपमा खान्छन् र उनीहरूको दिसा नै मलका रूपमा प्रयोग गरिन्छ। यो मलले माटोलाई चिस्यानयुक्त बनाइराख्न मद्दत गर्छ, जुन जलवायुमैत्री कृषिका लागि उपयुक्त मानिन्छ। किसानलाई आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासंघ नेपाल'ले 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत सक्रिय भूमिका खेलिरहेको छ। 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले कृषक पाठशाला सञ्चालन गर्नेदेखि आवश्यक कृषि सामग्री उपलब्ध गराउनेसम्मका कार्य गर्दै आएको छ।

परियोजनाका फिल्ड सुपरीवेक्षक रविन साहका अनुसार धनगढीमाई नगरपालिका १४ बाहेकका अन्य

–बाँकी तीन पेजमा

## प्रादेशिक अस्पताल लहानको मेसुमा डा. वर्षाले गरिन् पदभार ग्रहण



सिरहा, २६ वैशाख। सिरहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको मेसुमा डा. वर्षा प्रकाशले पदभार ग्रहण गरेकी छन्। लामो समयदेखि चल्दै आएको प्रशासनिक विवाद अन्त्यसँगै डा. वर्षाले मेडिकल सुपरिटेन्डेन्ट (मेसु) को रूपमा पदभार ग्रहण गरेकी हुन्। सरकारले २२ वैशाख २०८२ मा डा. वर्षालाई अस्पतालको मेसुका रूपमा काजमा खटाए पनि तत्कालीन मेसु डा. रञ्जित झाले पद नछाड्दा उनले औपचारिक रूपमा जिम्मेवारी सम्हाल्न पाएकी थिइनन्।

राजनीतिक पहुँच र प्रभावका कारण डा. झाले पदमा निरन्तरता दिँदै आएका थिए भने डा. वर्षालाई बालरोग विशेषज्ञको रूपमा मात्रै काम गराइँदै आएको थियो। सरकारले काजमा रहेका कर्मचारीलाई फिर्ता बोलाउने निर्णय गरेपछि डा. झाले २१ वैशाखमा रमाना लिएर वीर अस्पताल फर्किएका हुन्। त्यसपछि अस्पतालका कर्मचारीहरूले डा. वर्षालाई स्वागत गर्दै औपचारिक रूपमा मेसुको पदभार ग्रहण गराएका हुन्।

## लागुऔषधसहित तीन जना पक्राउ

सिरहा, २५ वैशाख। जिल्ला प्रहरी कार्यालय सिरहाले छुट्टाछुट्टै स्थानबाट लागुऔषधसहित तीन जना पक्राउ गरेको छ। प्रहरीले उनीहरूको साथबाट खैरो हिरोइनजस्तो पदार्थ र नाइट्राजेपाम ट्याब्लेट बरामद गरेको जनाएको छ। प्रहरीका अनुसार धनगढीमाई नगरपालिका–१ बाट प्रदेश २–०२–००१ प ३२१२ नम्बरको मोटरसाइकलमा सवार दुई जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा लहान नगरपालिका–१३ का ३५ वर्षीय देवकान्त चौधरी र एक जना अर्को व्यक्ति छन्।

प्रहरीका अनुसार जाँचका क्रममा उनीहरूले लगाएको पाइन्टको खल्तीबाट ३.६३ ग्राम खैरो हिरोइनजस्तो पदार्थ फेला परेको थियो। प्रहरीले मोटरसाइकलसहित दुवै जनालाई नियन्त्रणमा लिएको जनाएको छ। यस्तै, गोलबजार

–बाँकी तीन पेजमा

**सडक सुरक्षा**

सडकमा हिडदा होसियार बनौ, नियम मानेर अनुशासित बनौ
हेलमेट, सिटबेल्ट, नबिर्सौ, जीवनलाई
सुरक्षित बनाऔं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**जातीय भेदभाव उन्मूलन गरौं।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।
- जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## स्थिति भत्काउने राजनीति र नेपालको विसङ्गति

राजाले बेथिति गरे भनेर जनताले राजा हटाए। गणतन्त्रपछिका शासकहरू पनि स्थितिभित्र बसेनन्। आजित भएका जनताले पुराना स्थापित राजनीतिक दल र तिनका नेतालाई पनि हटाइदिए। विडम्बना, स्थिति झन् बिग्रने जोखिम हवात्तै बढ्यो। कुनै बेला गरिबको गीत गाएर जनताको मन जित्ने व्यक्ति प्रधानमन्त्री हुनेबित्तिकै समाजका सबैभन्दा गरिब समुदायकै उठीबास लगाए। दुर्भाग्य, परिवर्तनका लागि जनतालाई जगाउने भनिएका अगुवाहरू उठीबास लाग्नेको आँसु पुछ्न होइन काखी ठोक्न रमाएको देखियो।

नेपाली जनताले आलोपालो संसद्मा बहुमत दिने र नदिने गरेका छन्। लोकतन्त्रको पुनःस्थापनापछि विसं २०४८, २०५६, २०६४, २०८२ का संसदीय निर्वाचनमा एउटै दल वा गठबन्धनलाई जनताले बहुमत दिएका थिए। बहुमत पाउँदा दलका नेताहरूमा पलाएको अहङ्कारले असमयमै पतन पनि गरायो। यसैगरी विसं २०५१, २०७० र २०७९ को निर्वाचनमा जनताले कसैलाई बहुमत दिएनन्। त्रिशङ्कु संसद् अनेकौं विकृतिको कारक बन्यो। बहुमत पाउँदा अहङ्कार देखाउनेहरू नै अल्पमतमा परेपछि सहमतिका नाममा विधि र प्रक्रियासँग सम्झौता गर्दै विकृतिका कारक बन्न थाले।

यसपटक कुनै दललाई बहुमत दिने पालो नै थियो। राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपाली दुईतिहाइ नजिक बहुमत दिए। विडम्बना, स्थिति बसाउन आएको पार्टीको सरकार भने विधि, प्रक्रियामात्र होइन परम्परा र न्याय पालिकाको संस्थागत स्वतन्त्रतामै प्रहार गर्न पो उद्यत भयो। निजामती सेवामा वरीयता मिच्न थालेपछि बेथिति पनि बढेको हो। यस्तै, नेपाल प्रहरीमा महानिरीक्षकको 'फुली' खोस्ने रोगले संगठनलाई नै थिलथिलो बनाएको छ। भताभुङ्ग पार्न बाँकी थियो न्यायपालिका। यसपटकको बलियो लोकप्रिय सरकारले त्यो पनि पूरा गरिदियो।

अब अछुतो नेपाली सेनामात्रै छ। प्रधान सेनापति हटाउने जिद्दी गर्दा तत्कालीन प्रधानमन्त्रीले नै सरकारबाट बाहिरिनु परेको थियो। विकृति त सेनाभित्र पनि होला। सुधारका नाममा सरकारले त्यो अपेक्षाकृत अनुशासित संगठनमा हात हाल्ने दुस्साहस त नगर्ला नि ! दुःखद विसङ्गति नै नेपाली जनताको नियति होइन भने भौतिक संरचनाजस्तै स्थिति, परम्परा र अनुशासन भत्काउनु बुद्धिमानी र होइन भन्ने सद्बुद्धि अहिलेका शासकहरूलाई प्राप्त होस्। त्यसो त पुराणमा शक्ति र अहङ्कारले मर्यादा नाघ्ने शासकको पतन अन्ततः अनिवार्य हुने राजा नहुषको कथा पनि छ।

# आधुनिकतासँगै मिथिलाका मौलिक परिकार ओझेलमा

## अदौरीदेखि मिथिला थालीसम्म संरक्षणको पहल



**नवीन प्रियदर्शी**

जनकपुरधाम, २६ वैशाख। मिथिलाञ्चलमा बढ्दो आधुनिकतासँगै यहाँका मौलिक परिकारहरू दिन प्रतिदिन लोपोन्मुख अवस्थामा पुग्दै गइरहेका छन्। परम्परागत रूपमा खेतीपाती गरी जीवनयापन गर्दै आएका मिथिलावासी आधुनिक जीवनशैलीतर्फ आकर्षित हुँदैजाँदा ती मौलिक स्वाद ओझेलमा परेका छन्। घरघरमै महिलाहरूले समय र आवश्यकता अनुसार बनाउने विरिया (अरिकंचन), तिलौरी, दनौरी, तिस्यौरी, अदौरी लगायतका परिकारहरू आजभोलि दुर्लभ बन्दै गएका छन्। तरकारी अभाव हुने समयमा घरमै उपलब्ध सामग्री प्रयोग गरी बनाइने यस्ता परिकारले केवल स्वादमात्र होइन, स्वास्थ्य र आत्मनिर्भरताको सन्देश पनि बोकेको हुन्थे।

अहिलेको व्यस्तता, विशेषगरी मोबाइल र प्रविधिमा बढ्दो निर्भरताका कारण मानिसहरूले यस्ता परिकार बनाउन समय छुट्टयाउन छाडेका छन्। परिणामस्वरूप परम्परागत सिप र स्वाद पुस्तान्तरण हुन नसक्दा यी परिकार लोप हुने अवस्थामा पुगेका छन्। बजारमा यस्ता परिकार पाइने भए पनि मेसिनबाट बनाइएका ती उत्पादनहरूमा घरेलु स्वाद र मौलिकता भने हुँदैन।

दुर्लभ बन्दै गइरहेको मिथिलाका परिकारमध्ये अदौरी एक महत्त्वपूर्ण परिकार हो, जसले वर्षा यामका लागि संरक्षित सब्जीको रूपमा मात्र होइन, सामाजिक र सांस्कृतिक महत्त्व पनि बोकेको छ। यो परिकार मुख्यतः उरिद (मास)को दालबाट तयार गरिन्छ। उरिदको दाल पिसेर बेसन बनाइन्छ र त्यसको पेस्ट सानो-सानो गोलो आकारमा बनाइ घाममा सुकाएर अदौरी तयार गरिन्छ। यसरी सुकाएर राखिएको अदौरी आवश्यकता अनुसार भान्टा वा लौकासँग मिसाएर पकाइन्छ, जसले विशेष स्वाद प्रदान गर्छ।

मिथिलामा अदौरी बाहेक पनि उरिदको प्रयोगबाट विभिन्न परिकार बनाउने चलन छ। मूला र कुभिन्डोमा उरिदको बेसन मिसाएर मुरौरी र कुम्रौरी बनाइन्छ भने बथुवा (बेथे)को सागमा उरिदको पिठो मिसाएर बिरिया अडेकोच तयार गरिन्छ। उरिदको पिठोको लेसिलोपनाले सागपातलाई राम्रोसँग गुँध्न मद्दत गर्छ, जसले परिकारलाई विशेष स्वाद र बनावट दिन्छ।बिरिया पनि मिथिलाको एक अनौठो र मौलिक परिकार हो। बथुवा सागका पातहरू हल्का सुकाएर उरिदको पिठोमा लेप गरी राखिन्छ र आवश्यक पर्दा मसालेदार आलुको रसमा पकाएर सेवन गरिन्छ।

अन्न, तरकारी र फलफूल सुकाएर दीर्घकालसम्म सुरक्षित राख्ने परम्परा विश्वका धेरै ठाउँमा पाइन्छ, तर मिथिलामा यसले विशेष सांस्कृतिक पहिचान बनाएको छ। वर्षायाममा तरकारीको अभाव हुँदा यिनै सुकाइएका परिकारहरूले दैनिक जीवन सहज बनाउने काम गर्थे। बदलिँदो समय, आधुनिक जीवनशैली र परम्परागत सिपको कमीका कारण यस्ता मौलिक परिकारहरू बिस्तारै लोप हुँदै गएका छन्।

मैथिली अभियानी पुनम झा मैथिलीका अनुसार पहिले घरपरिवारमा आमाहरूले अदौरी लगायतका परिकार बनाउने परम्परा थियो। प्रत्येक आमाले आफ्ना छोरी-बुहारीलाई अदौरी बनाउने सिप सिकाउँदै लैजाँदा यो परम्परा पुस्तान्तरण हुँदै गएको तर अचेल भने बिस्तारै यी परिकार लोप हुन थालेको उनको भनाइ छ। डा. झाका अनुसार अहिले पनि सरकारले यस्ता परिकारलाई बजारीकरण गर्न सके महिलाहरू आर्थिक रूपमा सशक्त बन्नुका साथै समाजमा सम्मानजनक स्थान हासिल गर्न सक्छन्। मैथिली भाषी जिल्लाहरूमा बथुवाको साग र त्यसबाट बनाइने बिरिया अत्यन्तै रुचाइने परिकार रहेको उनको भनाइ छ।

सुकाएर दीर्घकालसम्म प्रयोग गर्न सकिने भएकाले यो परिकार पनि परम्परागत संरक्षण विधिको उत्कृष्ट उदाहरण हो। वरिष्ठ पत्रकार अवधेश कामतका अनुसार मैथिली समुदायमा सागबिना कुनै पनि भोजन अधुरो मानिन्छ। यहाँका परिकारहरू सागमा अत्यधिक निर्भर छन्। बथुवा, रातो साग, पटुवा साग, गेन्हारी साग, कर्मी साग, सरसों सागका साथै अरिकञ्चन, कदिमा (फर्सी)का पात वा फूलबाट बनाइने तरुवाजस्ता परिकारहरूले पनि मिथिलाको खानपान संस्कृतिलाई झल्काउँछन्।

आधुनिकताको चपेटामा पर्दै लोपोन्मुख अवस्थामा पुगेका मिथिलाका यस्ता मौलिक परिकारहरूको संरक्षणका लागि पछिल्लो समय केही सकारात्मक पहल सुरु भएका छन्। तिनै प्रयासमध्ये 'मिथिला थाली' को अवधारणा उल्लेखनीय रूपमा अगाडि आएको छ। अमेरिकामा ख्याति कमाएका नेपाली सेफ सन्तोष साहले अहिले नेपालका प्रमुख सहरहरूमा थकाली थालीकै शैलीमा 'मिथिला थाली' सञ्चालनमा ल्याएका छन्। उनले यस थालीमार्फत लोप हुन लागेका परम्परागत मिथिला परिकारहरूलाई पुनः प्रस्तुत गर्ने प्रयास गरेका छन्।

मिथिला थालीमा अदौरी, बिरिया, तिलौरी, कुम्रौरी जस्ता घरघरमा बनाइने तर अहिले हराउँदै गएका परिकारहरू समावेश गरिएका छन्। घरमा बनाउने चलन घट्दै गएका यी परिकारहरू पुनः स्वाद लिन चाहने मानिसहरू मिथिला थालीतर्फ आकर्षित हुन थालेका छन्। यसले केवल व्यावसायिक सफलतामात्र होइन, परम्परागत खानाको संरक्षणमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। साहले यस्ता परिकारहरू घरमै बनाउन पनि आग्रह गरेका छन्। स्थानीय महिलाहरूले घरमै बनाएर उपलब्ध गराएका परिकारहरू आफूले खरिद गर्ने प्रतिबद्धता जनाएपछि यसले ग्रामीण महिलाहरूका लागि आयआर्जनको नयाँ सम्भावना पनि सिर्जना गरेको छ। यस कदमले लोपोन्मुख अवस्थामा रहेका मिथिला परिकारहरू पुनः जीवित हुने आशा जगाएको छ। यसरी परम्परागत ज्ञान, स्वाद र संस्कृतिलाई जोगाउन सामूहिक प्रयास आवश्यक रहेको सन्देश पनि यस पहलले दिएको छ।

# सिरहामा यस वर्ष तीन लाखभन्दा बढी बिरुवा वितरण गरिने



**जीवछ यादव**

लहान, २६ वैशाख। डिभिजन वन कार्यालय सिरहा, लहानले यस वर्ष तीन लाख १७ हजार विभिन्न प्रजातिका बिरुवा वितरण गर्ने जनाएको छ। डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी तथा वन अधिकृत राधेश्याम चौधरीका अनुसार जिल्लाका १७ वटै पालिकामा भगवानपुर, लहान, विष्णुपुर-चोहर्वा, मिर्चैया र बन्दीपुर नर्सरीबाट टिक, जामुन, गम्हार, हर्रो, बर्रो, अम्बा, गुलमोहर, बाँसपाते, अमला, बयरलगायतका बिरुवा वितरण गरिनेछ।

वर्षेनी वृक्षारोपण गरिए पनि संरक्षणका लागि आवश्यक जनशक्ति र स्रोतसाधन पर्याप्त नभएको उहाँले बताउनुभयो। डिभिजन वन कार्यालय लहानले जिल्लाका ११४ वटा सामुदायिक वनमा लगाइने बिरुवाको संरक्षणका लागि चौपाया तथा घाँस-दाउरा संकलनबाट हुने क्षति न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो।

जिल्लामा रहेका छ वटा सब-डिभिजन वन कार्यालयअन्तर्गत लहानको तरेगना, धनगढीमाई, चोहर्वा, मिर्चैया, सिरहा, बन्दीपुरलगायत क्षेत्रमा वन संरक्षणलाई सक्रिय बनाउँदै सामुदायिक वन उपभोक्ता समितिलाई समेत जिम्मेवार बनाउने कार्यक्रम सञ्चालन गरिने सूचना अधिकारी चौधरीले बताउनुभयो।

उहाँले भन्नुभयो, "सिरहामा रहेको १८ हजार २८ हेक्टर वन क्षेत्रमध्ये ८१३ हेक्टर अतिक्रमणमा परेको छ। अतिक्रमित वन क्षेत्र खाली गराउन पटक-पटक प्रयास गरिए पनि सफल हुन सकेको छैन।" जिल्लामा ११४ वटा सामुदायिक वन उपभोक्ता समिति रहे पनि आर्थिक रूपमा कोइराली खोला हात्तीदह

-बाँकी अन्तिम पेजमा

# अनुसन्धानका लागि पालिएका ५० लाखका पन्छी क्षति

वीरगञ्ज, २६ वैशाख। राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धानका लागि पालिएका पन्छीमा बर्डफ्लु देखिएपछि करिब रु ५० लाख बराबरको नोक्सानी भएको छ। गत चैत अन्तिम साता देखापरेको बर्डफ्लुको कारणले बाराको परवानीपुरस्थित राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पालिएका आधा दर्जन प्रजातिका पन्छी र सोको आहारसमेत नष्ट गर्नुपरेको हो।

राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम परवानीपुरका सूचना अधिकारी खमबहादुर प्रजाले चैतको अन्तिम साता यहाँ पाल्दै आएको पन्छीमा बर्डफ्लु पुष्टि भएपछि करिब रु ४५ देखि ५० लाखको नोक्सानी व्यहोर्नुपरेको बताए। "टर्की जातको पन्छीमा बर्डफ्लु देखिएपछि एकपछि अर्को गर्दै फार्ममा पालिएका अन्य प्रजातिका पन्छीमा बर्डफ्लु देखिएपछि सबै नष्ट गर्नुपरेको हो", उनले भने, "सम्पूर्ण प्रक्रिया पूरा गरेर यहाँ पाल्दै आएका पन्छीहरू, अण्डा र दानाहरूको समेत नष्ट गरेका छौँ।"

बर्डफ्लुका कारणले करिब दुई हजार कुखुराको चल्ला, करिब १२ सयको हाराहारीमा गिरीराजलगायत कुखुराको प्रजाति, तित्रा ३३ वटा, सेतो/कालो टर्की ४७ वटा, बट्टाई करिब ४५० वटा नष्ट गरिएको कार्यालयले जनाएको छ। त्यस्तै एल वान दाना ८३५ किलोग्राम, एलटु दाना ४५५ किलोग्राम र एलथ्रि एक हजार ८३५ किलोग्राम दाना नष्ट गरिएको छ। सूचना अधिकारी प्रजाले बर्डफ्लु देखिएको फार्ममा अहिले चुना छर्किने, मल पुर्ने, आगोको तापले पोल्नेलगायतका निर्मलीकरणका काम भइरहेको बताए।

"कार्यालयले यसअघि कृषकहरूलाई उपलब्ध गराएको विभिन्न प्रजातिका पन्छी ल्याउने पनि प्रयास भइरहेको छ", उनले भने, "राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पोखरा र नेपालगञ्जमा रहेका कार्यालयबाट आवश्यक पर्ने पन्छी तथा अण्डाहरू ल्याएर फेरि पुन सञ्चालन गर्ने आवश्यक तयारीमा जुटिसकेका छौँ।"

# सबा करोड खर्चेर बनेको रानिगन्ज तरकारी बजार अलपत्र

**जनार्जन खत्री**

सर्लाही, २६ वैशाख। सर्लाहीको लालबन्दी नगरपालिका–१७ रानिगन्जमा करिब एक करोडभन्दा बढी रुपियाँ खर्चेर निर्माण गरिएको तरकारी बजार र त्यसका संरचना प्रयोगविहीन अवस्थामा पुगेका छन्। गत वर्ष वडा कार्यालय, नगरपालिका, मधेश प्रदेश सरकार र संघीय सरकारको करिब एक करोड नौ लाख रुपियाँ लागतमा महेन्द्र राजमार्ग छेउमा निर्माण गरिएको तरकारी बजार सञ्चालनमा नआउँदा अलपत्र परेको हो। देवता महाकाली गुठीले उपलब्ध गराएको चार बिघा जग्गामा १२ वटा सटर र ३६ वटा स्टलसहितको कृषि सेड निर्माण गरिएको थियो।


ठूलो लागतमा बनेका संरचना प्रयोगमा नआउँदा जीर्ण बन्दै गएका छन्। अहिले उक्त क्षेत्र पशु चरन (गौचरण) का रूपमा परिणत भएको छ। यसअघि लालबन्दी नगरपालिका–७ डुमडुमे मन्दिर अगाडि साँघुरो स्थानमा सञ्चालन हुँदै आएको लालबन्दी थोक तरकारी बजारको विकल्पका रूपमा रानिगन्जमा नयाँ बजार निर्माण गरिएको थियो। उक्त बजार हाल १८ कट्ठा क्षेत्रफलमा सञ्चालन हुँदै आएको छ।

लालबन्दी नगरपालिका–१७ का वडाध्यक्ष विष्णु अधिकारीले पुरानो बजार साँघुरो भएकाले रानिगन्जमा फराकिलो ठाउँमा बजार सार्ने प्रस्ताव बारम्बार राखिए पनि बेवास्ता भएको गुनासो गर्नुभयो। उहाँका अनुसार महेन्द्र राजमार्ग विस्तारका कारण पुरानो बजार थप साँघुरो हुने र दुर्घटनाको जोखिम बढ्ने भएकाले रानिगन्जमै बजार सार्नु उपयुक्त हुनेछ। तरकारी बजार सञ्चालन गर्ने वा नगर्ने विषय नगरपालिकाको निर्णयमा निर्भर रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "रानिगन्ज बजारमा मान्छे जानै नहुने मानसिकता देखिएकाले समस्या भएको हो।"

वडाध्यक्ष अधिकारीका अनुसार नयाँ बजारको प्रचारप्रसारका लागि लालबन्दी महोत्सव रानिगन्जमै गर्ने प्रस्तावसमेत गरिएको थियो, तर स्थानीय आकर्षण नहुने भन्दै अस्वीकार गरिएको थियो। तरकारी बजार निर्माणका लागि जग्गा उपलब्ध गराएको गुठीको नाममा देवता महाकाली बजार समिति गठन गरिएको थियो। समितिका निवर्तमान अध्यक्ष रामबहादुर खड्काले सबै पक्षको समन्वय नहुँदा बजार सञ्चालनमा आउन नसकेको बताउनुभयो।

उहाँले बजार संरचना निर्माणपछि वडा कार्यालयलाई हस्तान्तरण गरी आफूले समिति छाडेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "युवा नेतृत्वलाई जिम्मा दिनुपर्छ भन्ने आवाज आएपछि संरचना बनेलगत्तै मैले समिति छाडेको हुँ।" लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले रानिगन्ज बजारमा अपेक्षित आकर्षण नदेखिएकाले समस्या भएको बताउनुभयो। उहाँका अनुसार हप्तामा दुई दिन भए पनि साप्ताहिक हाटबजार सञ्चालन गरेर बजारलाई क्रमशः चलायमान बनाउन सकिन्छ। उहाँले भन्नुभयो, "किसान र व्यापारीलाई जबरजस्ती पठाएर बजार चल्दैन, पहिले आकर्षण बढाउनुपर्छ।"

# उदयपुरमा १० महिनामा ४०१ सडक दुर्घटना, ४१ जनाको मृत्यु



**विदुर कटुवाल**

उदयपुर, २६ वैशाख। उदयपुरमा चालु आर्थिक वर्ष २०८२/०८३ को १० महिनामा चार सय एक वटा सडक दुर्घटना हुँदा ४१ जनाको मृत्यु भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरको तथ्यंक अनुसार जिल्लाका विभिन्न सडकमा भएका सवारी दुर्घटनामा परी ४१ जनाले ज्यान गुमाएका हुन्। कार्यालयका अनुसार उक्त दुर्घटनामा परी एक सय ३५ जना गम्भीर घाइते भएका छन् भने ६ सय ५ जना सामान्य घाइते भएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका निमित्त प्रमुख वरिष्ठ सई रमेश धमलाका अनुसार गत वैशाख २४ गतेसम्म २८ वटा सवारी दुर्घटना हुँदा ४ जनाको मृत्यु, ७ जना गम्भीर घाइते र ६२ जना सामान्य घाइते भएका छन्।

यस्तै, गएको चैत महिनामा २५ वटा सवारी दुर्घटनामा ४ जनाको मृत्यु, पाँच जना गम्भीर घाइते र ३८ जना सामान्य घाइते भएका छन्। फागुनमा ५४ वटा सवारी दुर्घटनामा ३ जनाको मृत्यु, २१ जना गम्भीर घाइते र ९१ जना सामान्य घाइते भएका छन्।यसैगरी माघमा ३२ वटा दुर्घटनामा पाँच जनाको मृत्यु, १४ जना गम्भीर घाइते र ३३ जना सामान्य घाइते भएका छन्। पुस महिनामा ४१ वटा सवारी दुर्घटनामा २ जनाको मृत्यु, १७ जना गम्भीर घाइते र ६० जना सामान्य घाइते भएका छन्।

मंसिरमा ५३ वटा सवारी दुर्घटनामा ८ जनाको मृत्यु, १९ जना गम्भीर घाइते र ५८ जना सामान्य घाइते भएका छन्।कात्तिकमा ४५ वटा दुर्घटनामा पाँच जनाको मृत्यु, १७ जना गम्भीर घाइते र ७५ जना सामान्य घाइते भएका छन्। असोजमा ५४ वटा सवारी दुर्घटनामा ४ जनाको मृत्यु, १७ जना गम्भीर घाइते र ९३ जना सामान्य घाइते भएका छन्। भदौमा ३२ वटा सवारी दुर्घटनामा २ जनाको मृत्यु, १२ जना गम्भीर घाइते र ५७ जना सामान्य घाइते भएका छन्। ट्राफिक कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्षको सुरुवाती महिना साउनमा ३७ वटा दुर्घटना हुँदा ४ जनाको मृत्यु, १२ जना गम्भीर घाइते र ५७ जना सामान्य घाइते भएका थिए।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार जिल्लामा हुने कुल सवारी दुर्घटनामध्ये करिब ७८ प्रतिशत दुर्घटना मदन भण्डारी लोकमार्गमै हुने गरेका छन्। निमित्त प्रमुख धमला भन्छन्, 'प्रत्येक वर्ष जिल्लामा हुने कुल दुर्घटनाको तथ्यांक हेर्दा ७५ देखि ७८ प्रतिशतसम्म दुर्घटना मदन भण्डारी लोकमार्गमै हुने गरेको छ।' गत आर्थिक वर्ष २०८१/०८२ मा उदयपुरमा ३ सय वटा सवारी दुर्घटना हुँदा २६ जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा ८७ जना गम्भीर घाइते र ५ सय ५२ जना सामान्य घाइते भएका थिए।

## *लागुऔषधसहित...*

नगरपालिका–४ स्थित क्याम्पस चोकबाट पनि लागुऔषध कारोबार भइरहेको सूचनाका आधारमा प्रहरीले उदयपुर त्रियुगा नगरपालिका–९ मुसहरनिया बस्ने २२ वर्षीय लोकसिंह राजपुतलाई पक्राउ गरेको छ। उनको साथबाट नाइट्राजेपाम ट्याब्लेट १० ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका तीनै जनामाथि सिरहा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता, डिएसपी रमेशबहादुर पालले जानकारी दिए।

# सप्तरीमा महिला चार दिनदेखि बेपत्ता, हत्या आशंका




**सुधा देव**

सप्तरी, २६ वैशाख। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ वनरझुलाकी एक महिला चार दिनदेखि बेपत्ता भएकी छन्। स्थानीय वीरेन्द्र राय (छोटु) की श्रीमती अनिता देवी राय बुधबार रातिदेखि सम्पर्कविहीन हुनुभएको हो। स्थानीयवासीले महिलाको हत्या गरिएको हुन सक्ने आशंका गरेका छन्। छिमेकी शेखर रायका छोराको विवाहमा अधिकांश स्थानीय सुनसरीको अमरवा जन्ती गएको मौका छोपेर राति केही व्यक्तिले जबरजस्ती महिलालाई उठाएर लगेको हुन सक्ने पीडित परिवारको आशंका छ।

बेपत्ता महिलाका बाबु प्रितम रायका अनुसार महिलाका दुई छोरी छन्। जेठी छोरी सपनाको विवाह भइसकेको छ भने कान्छी छोरी १३ वर्षीया काजल पनि छिमेकीको विवाहमा जानुभएको थियो। श्रीमान् वैदेशिक रोजगारीका लागि विदेशमा रहेका कारण अनिता घरमा एक्लै हुनुहुन्थ्यो। यही मौका छोपेर पाँच–छ जनाको समूहले उहाँलाई अपहरण गरेको हुन सक्ने उहाँको भनाइ छ। स्थानीय कविता रायका अनुसार घटनाको रात घरमा बलेको चिमसमेत निभाइएको अवस्थामा भेटिएको थियो। महिलाका ससुराको निधन भइसकेको छ भने सासू छोरीसँग नारायणघाटमा बस्दै आउनुभएको छ। अनिता कान्छी छोरीसँग बस्दै आउनुभएको थियो।

घरआँगनमा रगत देखिएकाले हत्या भएको हुन सक्ने परिवार तथा स्थानीयवासीको आशंका छ। स्थानीयका अनुसार महिलाको घरमा यसअघि पनि खसी, बोका, चामल र गहुँ चोरी हुने घटना हुँदै आएका थिए। घटना भएको थाहा पाउनेबित्तिकै परिवार र स्थानीयले खोजतलास गरे पनि महिलाको अवस्था अज्ञात रहेको छ। त्यसपछि प्रहरीलाई जानकारी गराइएको स्थानीयले बताएका छन्। जिल्ला प्रहरी कार्यालय राजविराज तथा इलाका प्रहरी कार्यालयको टोलीले घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको छ। वडा नं. ५ का अध्यक्ष ललनप्रसाद राउतले महिला नभेटिएकाले घटना शंकास्पद देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "घरआँगनमा रगत देखिएकाले महिलाको हत्या भएको हुन सक्ने आशंका छ।"

सप्तरी प्रहरीका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले घटनाबारे जानकारी पाएलगत्तै खोजतलास सुरु गरिएको तर हालसम्म महिला फेला नपरेको जानकारी दिनुभयो। उहाँका अनुसार महिलाको मोबाइल घरमै भेटिएकाले घटनाबारे थप अनुसन्धान भइरहेको छ।

## *गँड्यौला मलप्रति...*

सबै वडामा महिला कृषक समूह गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। यसअन्तर्गत गोठ सुधार, गँड्यौला मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ जडान, झोल मल, जैविक मल, आधुनिक चुलो प्रवर्द्धन र जलवायुमैत्री बीउबिजन वितरणजस्ता कार्यहरू प्रभावकारी रूपमा अघि बढाइएको साहले जानकारी दिए।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। उनका अनुसार ७० प्रतिशत संस्थाको र ३० प्रतिशत किसानको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले किसानमा अपनत्वको बोध गराएको छ।

थापाले भने, 'मधेस प्रदेशमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्दै लैङ्गिक उत्तरदायी र जलवायु उत्थानशील कृषक समुदायको विकास गर्नु हाम्रो मुख्य उद्देश्य हो। यस अभियानले विशेषगरी कृषिमा महिलाको कार्यबोझ कम गर्दै उनीहरूको क्षमता अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुर्याउने लक्ष्य राखेको छ। साथै, माटोमा कार्बन सञ्चिति बढाएर उत्पादकत्व सुधार गर्ने र जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न सक्नेगरी किसानलाई सक्षम बनाउन हामी केन्द्रित छौँ।'

जलवायुमैत्री कृषिको महत्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारको 'शासकीय सुधारका १०० कार्यसूची'मा समेत माटोमा कार्बन बढाउने विषय समेटिएको छ। विज्ञहरूका अनुसार माटोमा कार्बन बढ्दा पोषकतत्वको चुहावट कम हुने र बिरुवाको जराको फैलावट राम्रो हुने गर्छ। थोरै समयमा नाफा खोज्नेहरूका लागि यो पद्धति ढिलो लागे पनि माटोको दीर्घकालीन स्वास्थ्य र विषादीरहित उत्पादनका लागि गँड्यौला मल अहिलेको उत्तम विकल्प सावित भएको छ।

# घोङी बिक्री गरि जिविकोपार्जन गर्दै मुसहर–माझी समुदाय



**अजय शाह**

महोत्तरी, २६ वैशाख। महोत्तरीको औरही नगरपालिका–१ स्थित औरही बजारमा मुसहर–माझी समुदायका महिलाहरु घोङी बिक्रीका लागि ग्राहक कुर्दै बसेका छन्। स्थानीय पोखरी, ताल–तलैया तथा सिमसार क्षेत्रमा पाइने घोङी उनीहरूको जीविकोपार्जनको मुख्य आधार बनेको छ। हरेक मंगलबार र शुक्रबार लाग्ने औरही बजारमा मुसहर समुदायका मानिसहरु घोङी बेचेर राम्रो आम्दानी गर्ने गर्छन्। बजारको दिन बिहानैदेखि मुसहर–माझी समुदायका मानिसहरू गाउँघर तथा सिमसार क्षेत्रबाट संकलन गरिएको घोङी बोकेर बजार पुग्ने गर्छन्। उनीहरूले सडक किनारमा घोङीका थुप्रा राखेर बिक्री गर्ने दृश्य बजार क्षेत्रमा सामान्य बनेको छ।

स्थानीयका नरेन्द्र यादवका अनुसार घोङी स्वादिलो परिकार मात्र नभई पोषणयुक्त खाद्य पदार्थ पनि हो। घोङीमा प्रोटिन, आइरन तथा अन्य आवश्यक पोषक तत्व प्रशस्त मात्रामा पाइने भएकाले स्वास्थ्यका लागि लाभदायक मानिन्छ। विशेषगरी ग्रामीण क्षेत्रमा थारु, दनुवार, मुसहर लगायतका समुदायमा घोङीलाई परम्परागत तथा पौष्टिक खानाका रूपमा खाने चलन अझै कायम रहेको छ अहिले अन्य समुदायले समेत रहरले घोङी को सुप बनाएर खाने गर्छन्।

घोङी बिक्रीबाट प्राप्त आम्दानीले दैनिक घरखर्च चलाउन सहयोग पुग्ने मुसहर समुदायका महिलाहरू बताउँछन्। कृषि मजदुरी तथा अन्य अस्थायी काममा निर्भर समुदायका लागि घोङी संकलन र बिक्री आयआर्जनको सहज माध्यम बनेको उनीहरूको भनाइ छ। स्थानीय बजारमा घोङीको माग बढ्दै गएपछि मुसहर–माझी समुदाय उत्साहित देखिएको छ। कतिपय ग्राहकले स्वाद र पोषणका कारण नियमित रूपमा घोङी किन्ने गरेका छन्। सिमसार क्षेत्रको संरक्षण र स्थानीय परम्परागत खाद्य संस्कृतिसँग जोडिएको घोङी व्यापारले ग्रामीण समुदायको आर्थिक अवस्था सुधार गर्न समेत टेवा पुर्‍याइरहेको स्थानीयवासीको भनाइ छ।

# हरिवनमा सर्लाहीका ६ मेयरहरूको बैठक, सार्वजनिक बिदा सम्बन्धी व्यवस्थामा पुनर्विचार गर्नुपर्ने निष्कर्ष

सर्लाही, २६ वैशाख। हरिवन नगरपालिकामा शुक्रबार विभिन्न नगरपालिकाका प्रमुखहरूले समसामयिक विषयमा छलफल तथा निर्णय गरेका छन्। हरिवन नगरपालिकाका नगर प्रमुख रमेश बुढाथोकीको अध्यक्षतामा सम्पन्न बैठकमा ईश्वरपुर, बरहथवा, लालबन्दी, हरिपुर तथा बागमती नगरपालिकाका प्रमुखहरू सहभागी थिए।

बैठकमा शिक्षा संस्था सञ्चालन, स्वास्थ्य संस्था सञ्चालन तथा सरकारी एवं सार्वजनिक जग्गा अतिक्रमणसम्बन्धी विषयमा विशेष छलफल गरिएको थियो। छलफलपछि शिक्षा क्षेत्रतर्फ विद्यालयमा गुणस्तर कायम राख्दै पठनपाठन नियमित गर्न सार्वजनिक बिदा सम्बन्धी व्यवस्थामा पुनर्विचार गर्नुपर्ने निष्कर्ष निकालिएको छ। यसका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्ने निर्णय गरिएको छ

त्यसैगरी, स्वास्थ्य संस्थाको हकमा सार्वजनिक बिदाका कारण सेवा प्रवाहमा असर परेको भन्दै अत्यावश्यक सेवाहरू निरन्तर सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ। स्वास्थ्य सेवा प्रभावकारी बनाउन बिदा व्यवस्थापनमा सुधार गर्न सरकारसँग अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ। यस्तै, सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणको विषयमा हालै सरकारले जारी गरेको १०० बुँदे सुधार कार्यसूचीअनुसार भूमिहीन, दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको पहिचान गरी उचित व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अघि बढाउन आग्रह गर्ने निर्णय गरिएको छ। बैठकले यी विषयमा प्रदेश सरकारसँग समेत सहकार्य गर्दै आवश्यक पहल अगाडि बढाउने निष्कर्ष निकालेको छ।

# छोटी भन्सार पुनःस्थापनाको आन्दोलनमा सहभागी नहुन रास्वपाको निर्देशन

सिरहा, २६ बैशाख। सिरहाको बरियारपट्टी गाउँपालिकामा रहेको छोटी भन्सार पुनःस्थापनाको आन्दोलनमा सहभागी नहुन राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना नेता कार्यकर्ताको ध्यानाकर्षण गराएको छ। पार्टीका जिल्ला सभापति हरिप्रसाद मैनालिले आज एक ध्यानार्षणपत्र जारी गर्दै सरकारी निर्णयको विरुद्धमाहुने आन्दोलनमा सहभागी नहुन पार्टी सदस्य तथा पदाधिकारीको ध्याकर्षण गराएको हो। जारी ध्यानाकर्षण पत्रमा 'नेपाल सरकारको निर्णयप्रति राष्ट्रिय स्वतन्त्र पार्टीका सिरहा जिल्लाका कुनै पनि पार्टी सदस्य तथा पार्टी पदाधिकारीहरुलाई विरोध प्रदर्शन तथा आन्दोलन नगर्न नगराउन विनम्र अनुरोध छ,' भन्ने उल्लेख गरिएको छ।

साथै छोटी भन्सार कार्यालय हटाउने सरकारी निर्णयप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिरहाले ध्यानाकर्षण जनाएको छ। छोटी भन्सार कार्यालयलाई विस्थापित गर्नुको सट्टा आधुनिक, सेवा–सुविधासम्पन्न भन्सार कार्यालयका रूपमा विकास गर्न सरकारसँग माँग गरेको समेत गरेको छ। ध्यानकर्ष पत्रमा सिरहाबाट निर्वाचित प्रतिनिधिसभा सदस्य बलराम गुप्ता, शिवशंकर यादव, डा. शम्भुकुमार यादव, तपेश्वर यादव, डा. ललिताकुमारी शाह र पुरुषोत्तम यादवलगायतलाई राज्य र जनताको हितअनुकूल कार्यको लागि पहल गर्न अनुरोध गरिएको छ।

बरियारपट्टी छोटी भन्सार कार्यालय हटाउने सरकारी निर्णयपछि त्यसक्षेत्रका स्थानीय सरकार, व्यवसायी तथा जनसमुदाय निरन्तर आन्दोलनमा छन्। बरियारपट्टीमा उनीहरुले विहान ७ बजेदेखि ११ बजेसम्म टायर बालेर सम्पूर्ण बजार बन्दगरी चक्का जाम गरेका थिए।

# न्यायिक महोत्सव गर्दै उच्च अदालत जनकपुर

धनुषा, २६ वैशाख। मधेस प्रदेशमा पहिलो पटक न्यायिक महोत्सव आज जनकपुरधाममा हुँदै छ। न्यायिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्योटको अवस्था तथा आगामी न्यायिक मेला गर्न लागेको जनकपुर उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले बताए।

सो मेलामा अदालतको समग्र कार्यसम्पादन, मुद्दा व्यवस्थापन प्रणाली, सेवा प्रवाह, पुराना मुद्दा फछ्र्योटको अवस्था तथा नागरिकलाई न्यायिक प्रक्रियाबारे सहज जानकारी उपलब्ध गराउने उद्देश्यले आयोजना गर्न लागिएको हो। कायममुकायम मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताए। उनका अनुसार अदालतले पुराना मुद्दा फछ्र्योटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ। न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहने उनको विश्वास छ।

कायममुकायम मुख्य न्यायाधीश कुँवरका अनुसार 'न्यायिक मेला'लाई न्यायपालिका र नागरिकबीचको दूरी घटाउने माध्यमका रूपमा लिइएको छ। मेलामार्फत अदालतको सेवा, न्यायिक प्रक्रिया, वैकल्पिक विवाद समाधान, कानुनी सहायता तथा नागरिक अधिकारसम्बन्धी जानकारी सर्वसाधारणसम्म पुर्‍याइने उनले जानकारी दिए।

# अनुसन्धानका लागि पालिएका ५० लाखका पन्छी क्षति

वीरगञ्ज, २६ वैशाख। राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धानका लागि पालिएका पन्छीमा बर्डफ्लु देखिएपछि करिब रु ५० लाख बराबरको नोक्सानी भएको छ। गत चैत अन्तिम साता देखापरेको बर्डफ्लुको कारणले बाराको परवानीपुरस्थित राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पालिएका आधा दर्जन प्रजातिका पन्छी र सोको आहारसमेत नष्ट गर्नुपरेको हो।

राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम परवानीपुरका सूचना अधिकारी खमबहादुर प्रजाले चैतको अन्तिम साता यहाँ पाल्दै आएका पन्छीमा बर्फ्डफ्लु पुष्टि भएपछि करिब रु ४५ देखि ५० लाखको नोक्सानी व्हहोर्नुपरेको बताउनुभयो। "टर्की जातको पन्छीमा बर्डफ्लु देखिएपछि एकपछि अर्को गर्दै फार्ममा पालिएका अन्य प्रजातिका पन्छीमा बर्डफ्लु देखिएपछि सबै नष्ट गर्नुपरेको हो", उहाँले भन्नुभयो, "सम्पूर्ण प्रक्रिया पूरा गरेर यहाँ पाल्दै आएका पन्छीहरू, अण्डा र दानाहरूको समेत नष्ट गरेका छौँ।"

बर्फ्डफ्लुको कारणले करिब दुई हजार कुखुराको चल्ला, करिब १२ सयको हाराहारीमा गिरीराजलगायत कुखुराको प्रजाति, तित्रा ३३ वटा, सेतो/कालो टर्की ४७ वटा, बट्टाई करिब ४५० वटा नष्ट गरिएको कार्यालयले जनाएको छ। त्यस्तै एल वान दाना ८३५ किलोग्राम, एलटु दाना ४५५ किलोग्राम र एलथ्रि एक हजार ८३५ किलोग्राम दाना नष्ट गरिएको छ। सूचना अधिकारी प्रजाले बर्डफ्लु देखिएको फार्ममा अहिले चुना छर्किने, मल पुर्ने, आगोको तापले पोल्नेलगायतका निर्मलीकरणका काम भइरहेको बताउनुभयो।

"कार्यालयले यसअघि कृषकहरूलाई उपलब्ध गराएको विभिन्न प्रजातिका पन्छी ल्याउने पनि प्रयास भइरहेको छ", उहाँले भन्नुभयो, "राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पोखरा र नेपालगञ्जमा रहेका कार्यालयबाट आवश्यक पर्ने पन्छी तथा अण्डाहरू ल्याएर फेरि पुन सञ्चालन गर्ने आवश्यक तयारीमा जुटिसकेका छौँ।"

*सिरहामा यस...*

सामुदायिक वन, लहान–१५ र वृक्षारोपणको हिसाबले भ्वाइ खोल्सी वन उपभोक्ता समिति सक्रिय रहेको जनाइएको छ। अन्य वन उपभोक्ता समितिलाई पनि चलायमान बनाउन कार्यक्रम ल्याउने तयारी भइरहेको डिभिजन वन कार्यालय सिरहाका प्रमुख बुचन चौधरीले बताउनुभयो।

चुरे क्षेत्रमा वन विस्तारका विषयमा उहाँले भन्नुभयो, "चुरे क्षेत्रमा पानी नअड्ने ग्रेगाइ किसिमको माटो भएकाले सिँचाइ अभावमा लगाइएका बिरुवा सुख्खा मौसममा सुक्ने समस्या छ। मानव बस्ती विस्तार अर्को चुनौती बनेको छ।" लहान नगरपालिकाका वडा नं. १५, १६, १७ र १८, धनगढीमाई नगरपालिकाका वडा नं. १२, १३ र १४, गोलबजार नगरपालिका–१०, मिर्चैया नगरपालिका–९ र १० तथा कर्जन्हा नगरपालिका–१ र २ मा पर्ने चुरे क्षेत्रमा स्थानीय तहका जनप्रतिनिधिसँग समन्वय गरी राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति तथा भू–तथा जलाधार व्यवस्थापन कार्यालयको सहयोगमा वन विस्तार तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने योजना रहेको प्रमुख चौधरीले जानकारी दिनुभयो।

वन ऐनविपरीत गतिविधिमा संलग्नविरुद्ध २०६७ सालदेखि हालसम्म १४८ वटा मुद्दा दर्ता गरी २४० जनालाई पक्राउ गरिएको छ। चार दिनअघि मिर्चैयाबाट ८० क्युबिक फिट सालको काठसहित दुई जना काठ तस्करलाई नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो। गत वर्ष जिल्लाका २३ स्थानमा लागेको डढेलोबाट एक हजार १३५ हेक्टर वन क्षेत्र प्रभावित भएको थियो। यस वर्ष भने पटक–पटक वर्षा भइरहेकाले डढेलोबाट जोगिएको प्रमुख चौधरीले बताउनुभयो।

यस वर्ष डढेलो नियन्त्रण, सुशासन, लेखा तथा अभिलेख व्यवस्थापन कार्यक्रमका लागि आठ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ। डिभिजन वन कार्यालय सिरहा, लहानअन्तर्गतका सब–डिभिजन कार्यालयमा ३० जना वन रक्षकसहित ९२ जना कर्मचारी तथा दुई वटा सवारी साधन रहेका छन्। सीमित स्रोत–साधनका बाबजुद वन संरक्षण तथा विस्तार कार्यक्रमलाई प्रभावकारी बनाइएको उहाँले बताउनुभयो।

मोबाइलमा होइन सडकमा हेरौं, जीवन लिने दुर्घटना टारौं।
सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई जोखिममा नपारौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)